नेपाल विद्युत प्राधिकरण

र

हिम स्टार उर्जा कम्पनी प्रा.लि

बीच भएको

बुकु कापटी खोला जलविद्युत आयोजना (५ मे.वा.)

बाट उत्पादन हुने

# विद्युत खरीद-बिक्री सम्बन्धी सम्झौता
# (Power Purchase Agreement)

काठमाडौं
२०७४ माघ

## नेपाल विद्युत प्राधिकरण

र

## हिम स्टार उर्जा कम्पनी प्रा.लि

बीच भएको

## बुकु कापटी खोला जलविद्युत आयोजना (५ मे.वा.)

बाट उत्पादन हुने

# विद्युत खरीद-विक्री सम्बन्धी सम्झौता
# (Power Purchase Agreement)

काठमाडौं
२०७४ माघ

# बिषय – सुची


| | | पेज |
|---|---|---|
| प्रस्तावना | | १ |
| १. | परिभाषा र व्याख्या | १ |
| २. | सम्झौताको अवधी | ५ |
| ३. | आयोजना संचालन हुनु अधिका कार्यहरु | ५ |
| ४. | आयोजनाको निर्माण एवं परीक्षण | ५ |
| ६. | सिन्क्रोनाइज गर्ने सम्बन्धी व्यवस्था | ७ |
| ७. | Black Start तथा Off Grid Mode मा संचालन गर्ने सम्बन्धी व्यवस्था | ७ |
| ८. | संचालन विधि | ८ |
| ९. | आयोजनाको संचालन, सम्भार सम्बन्धी अन्य कुराहरु | ८ |
| १०. | विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ति तिर्नु पर्ने | १० |
| ११. | मिटरिङ व्यवस्था | ११ |
| १२. | विद्युत खरीद मूल्यदर | १२ |
| १३. | बिल र भुक्तानी | १३ |
| १४. | समन्वय समिति | १४ |
| १५. | काबु बाहिरको परिस्थिति | १४ |
| १६. | कम्पनीले दायित्व पुरा नगरेको मानिने अवस्था | १५ |
| १७. | प्राधिकरणले दायित्व पुरा नगरेको मानिने अवस्था | १६ |
| १८. | विघटन वा हक हस्तान्तरण सम्बन्धी व्यबस्था | १६ |
| १९. | दायित्व पुरा नगरेको सूचना | १६ |
| २०. | कम्पनीले दायित्व पुरा नगरेको भनी प्राधिकरणले सूचना जारी गरे पछिको व्यवस्था | १६ |
| २१. | प्राधिकरणले दायित्व पुरा नगरेको भनी कम्पनीले सूचना जारी गरे पछिको व्यवस्था | १७ |
| २२. | दायित्व पुरा नगरेको सूचना पछिको व्यबस्था | १७ |
| २३. | सम्झौता रद्द भएको सूचना जारी गरे पछिको व्यवस्था | १७ |
| २४. | सम्झौता रद्द हुने अन्य अवस्था | १८ |
| २५. | प्राधिकरणको उद्घोषण | १८ |
| २६. | कम्पनीको उद्घोषण | १८ |
| २७. | बीमा गर्नु पर्ने | १९ |
| २८. | बीमाको प्रमाण पत्र पेश गर्ने | १९ |
| २९. | विवाद समाधान | १९ |
| ३०. | मध्यस्थता | १९ |
| ३१. | लागु हुने कानून | २० |
| ३२. | सम्झौतामा संशोधन | २० |
| ३३. | बार्षिक प्रतिवेदन | २० |
| ३४. | सम्झौता हस्तान्तरण | २० |
| ३५. | असल नियतले काम गर्ने | २१ |
| ३६. | प्राधिकरणले निरीक्षण गर्न सक्ने | २१ |
| ३७. | गोपनियता | २१ |
| ३८. | विविध | २१ |
| ३९. | सम्पर्क ठेगाना | २३ |

| | |
|---|---|
| अनुसूची १ | २४ |
| आयोजनाको मुख्य रुपरेखा | २४ |
| अनुसूची २ | २७ |
| विद्युत शक्ति तथा उर्जा तालिका | २७ |
| अनुसूची ३ | २८ |
| दफा १०.१ को लागि क्षतिपुर्ति रकम निर्धारण गर्ने सुत्र | २८ |
| अनुसूची ४ | ३० |
| आयोजना निर्माण तालिका | ३० |
| अनुसूची ५ | ३१ |
| आयोजना स्थलको नक्सा | ३१ |
| अनुसूची -६ | ३२ |
| Interconnection Facilities Single Line Diagram | ३२ |

## प्रस्तावना

कम्पनी ऐन २०६३ बमोजिम स्थापना भएको हिम स्टार उर्जा कम्पनी प्रा.लि (यस पछि "कम्पनी" भनिएको) ले सगरमाथा अञ्चल ओखलढुङ्गा तथा सोलुखुम्बु जिल्लाहरुको रावाडोलु भुसिङ्गा र गोली गा.वि.स.हरुमा अवस्थित बुकु कापटी खोलाको पानीबाट ५,००० किलोवाट क्षमताको बुकु कापटी खोला जलविद्युत आयोजनाको सर्वेक्षणको लागि विद्युत ऐन, २०४९ बमोजिम विद्युत उत्पादनको सर्वेक्षण अनुमति पत्र प्राप्त गरिसकेको र सो आयोजनाको निर्माण तथा संचालनको लागि सो ऐनमा व्यवस्था भए अनुसार विद्युत उत्पादन अनुमति पत्र (वि.वि.वि. ०७४।७५ वि.उ. २०३) प्राप्त गरी सकेको उक्त आयोजनाबाट उत्पादन हुने ५,००० किलोवाट विद्युत शक्ति नेपाल विद्युत प्राधिकरण ऐन २०४१ बमोजिम स्थापना भएको नेपाल विद्युत प्राधिकरण (यस पछि "प्राधिकरण" भनिएको) लाई प्राधिकरणको प्रसारण प्रणाली भएको ठाउंमा पुऱ्याई बिक्री गर्न मन्जुर गरेको, प्राधिकरणले पनि उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति खरीद गरी लिन मन्जुर गरेको र दुबै पक्ष बीच कनेक्सन एग्रिमेन्ट पनि सम्पन्न भइसकेकोले तल उल्लेखित शर्त बन्देजका अधिनमा रही विद्युत शक्ति खरीद-बिक्री गर्न दुवै पक्षको आपसी सहमति र समभ्रुदारी अनुसार यो सम्झौतामा हस्ताक्षर गरी दुई/दुई प्रति लियौं दियौं ।

## १. परिभाषा र व्याख्या

१.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सम्झौतामा

क) "आयोजना" (Project) भन्नाले बुकु र कापटी खोलाको पानीबाट ५,००० किलोवाट क्षमताको विद्युत शक्ति उत्पादन गर्नको लागि अनुसूची १ (आयोजनाको मुख्य रुपरेखा) अनुसार निर्माण भई कम्पनीको स्वामित्वमा संचालन हुने बुकु कापटी खोला जलविद्युत आयोजना सम्झनु पर्दछ ।

ख) "विद्युत केन्द्र" (Power Station) भन्नाले विद्युत शक्ति उत्पादन गर्नको निमित्त आयोजना अन्तर्गत ओखलढुङ्गा जिल्लाको भुसिङ्गा गा.वि.स.मा निर्माण हुने बुकु कापटी खोला जलविद्युत आयोजनाको उत्पादन केन्द्र सम्झनु पर्दछ र यस शव्दले सो विद्युत केन्द्रमा जडित टर्वाइन, जेनेरेटर तथा अन्य मेशिन उपकरणहरु समेतलाई जनाउदछ ।

ग) "डेलिभरी प्वाइण्ट" (Delivery Point) भन्नाले आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति कम्पनीले प्राधिकरणलाई उपलब्ध गराउन र प्राधिकरणले सो विद्युत शक्ति लिनको लागि प्रयोग गरिने बिन्दुलाई जनाउँछ । यो बिन्दु मिति २०७३।०८।२९ (December 14, 2016 AD) मा सम्पन्न भएको कनेक्सन एग्रिमेन्टको EXHIBIT- 3 (Attachments) र यस सम्झौताको अनुसूची ६ मा देखाइए अनुसार प्राधिकरणको रामेछाप जिल्लामा प्रस्तावित बाम्ती सवस्टेशनको ३३ के.भी. बसबार सम्झनु पर्दछ ।

घ) "प्रसारण सुविधाहरु" (Interconnection Facilities) भन्नाले आयोजनाबाट उत्पादित विद्युत शक्ति प्राधिकरणलाई उपलब्ध गराउन विद्युत केन्द्र देखि प्राधिकरणको प्रस्तावित बाम्ती सवस्टेशनको ३३ के.भी. प्रसारण लाईन र सो सबस्टेशन भित्र कम्पनीबाट निर्माण जडान हुने कनेक्सन एग्रिमेन्टको EXHIBIT-2 & 3 (Attachment) मा देखाइए अनुसारको विद्युत प्रसारण व्यवस्था तथा मिटरिङ्ग सुविधाहरु (CT PT तथा अन्य मिटरिङ्ग सम्बन्धी सामानहरु समेत) लाई सम्झनु पर्दछ ।

ङ) "सम्झौता" (Agreement) भन्नाले यो सम्झौता, यस सम्झौतामा समावेश गरिएका अनुसूचिहरु र सो को संशोधनहरु समेतलाई जनाउंदछ ।

च) "सेवासंग सम्बन्धित विवेकपूर्ण प्रचलनहरु" (Prudent Utility Practices) भन्नाले नेपालको परिप्रेक्ष्यमा विद्युत सेवासंग सम्बन्धित संस्थाहरुद्वारा प्रयोग गरिने सामान्यत: अन्तराष्ट्रिय स्तरमा स्वीकार्य हुने र विद्युत सेवाका लागि अपनाइने डिजाइन, निर्माण, परीक्षण, संचालन तथा मर्मत तथा संभार सम्बन्धि प्रचलन, तरिका, प्रविधि एवं स्तर सम्झनु पर्दछ ।